OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २१
मंसिर २१, २०७२

ओपन माईक नेपाल बुलेटिनको एक्काइसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसमित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम रस्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलव्ध गराउनु र उनीहरू मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

सवाल

सौरपानी, गोरखा

"सबै भूकम्प-पिडित किसानहरूलाई गहुँको बीउ दिने रे भन्ने हल्ला छ।"

जवाफ

जिल्ला कृषि विकास कार्यालय गोरखासँग समन्वय गरेर Food and Agriculture Organisastion, Care Nepal लगायतका संघसंस्थाले गोरखाका भूकम्प-प्रभावित परिवारका लागि गहुँको बीउ वितरण गरिरहेका छन्।

जिल्ला कृषि विकास कार्यालयले निर्धारण गरेका गाउँहरूमा भूकम्पले घर पूर्ण रुपमा क्षति भएका परिवारलाई प्राथमिकतामा राखी बीउ वितरण गरिइरहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद्ले निर्धारण गरेको मापदण्डका अधारमा गहुँको बीउ छनोट गरी तल्लो भेगका एक दर्जन गाउँ विकास समिति (गाविस) मा बीउ वितरण भइरहेको छ।

नाकाबन्दीका कारणले माथिल्लो भेगका लागि उपयुक्त हुने विउ ल्याउन नसकिएकोले सौरपानी लगायतका कतिपय गाउँहरूमा भने योजना भएर पनि बीउ वितरण गर्न नसकिएको जानकारी दिइएको छ।

नवराज पण्डित
कृषि प्रवर्द्धन अधिकृत
जिल्ला कृषि विकास कार्यालय
गोरखा
९८५६०२१२८१

सवाल

नारेश्वर गोरखा

"भूकम्प पहिला घर जग्गा नभएका र अर्काको घरमा बस्दै आएकाहरूलाई जाडोको लागि आउने रु. १० हजार नदिने रे भन्ने हल्ला छ।"

महादेवस्थान, काभ्रेपलाञ्चोक

"शुरुमा १५ हजार दियो। अब १० हजार जाडो खर्चमा टारेर पैसा नै दिनैन रे हो ?"

पाँचखाल, काभ्रेपलाञ्चोक

"जाडोलाई भन्दै १० हजार दिने भयो भन्छन्। दशैँअघि ३५ हजार दिने भन्थे त दिएनन्, यो पनि के देलान् र ? पिडितलाई भुलाउन आश्वासन मात्रै दिन्छन्।"

त्रिपूरेश्वर, धादिङ

"न्यानो कपडा किन्नको लागि रु. १० हजार दिने भनेर भर्खर मात्र थाहा पाएका छौँ तर त्यो रकम कतै जाडो सकिसकेपछि मात्र हाम्रो हातमा आउने त होइन ?"

मनहरी, मकवनपूर

"जनता चिसोमा बसिरहनु परेको छ। राज्य राहत दिने भन्छ। त्यही आशमा कुरेर बसेका छन्। राज्यले कहिले दिने थाहा छैन।"

जवाफ

सरकारले भूकम्प प्रभावित समूदायलाई जाडोमा न्यानो कपडा किन्न सहयोग स्वरुप प्रति परिवार रु. १० हजार उपलव्ध गराउने निर्णय गरेको छ।

यो रकम सरकारले घर बनाउनका लागि उपलव्ध गराउने भनेको रु. २ लाख बाट कट्टा हुँदैन।

भूकम्पले घर पूर्ण रुपमा क्षति भएका र बैकल्पिक बसोबासको व्यवस्था नभएका भूकम्प-प्रभावित परिवारलाई भूकम्प प्रभावित परिचय पत्रका आधारमा यो रकम वितरण गरिने भएकोले परिचय पत्र नभएका परिवारले यो सहयोग पाउँदैनन्।

केन्द्रीय दैविप्रकोप उद्दार कोषबाट जिल्ला दैविप्रकोप उद्दार कोषमा रकम निकासा दिन शुरु गरिसकिएको जानकारी गृह मन्त्रालयले दिएको छ। रकम वितरणको काम मंसिर महिना भित्र नै सक्ने सरकारको योजना छ।

रकम वितरणमा अनियमितता हुन र समस्या आउन नदिन आवश्यक मापदण्ड बनाएर केहि दिन भित्रमा नै रकम वितरणको कार्य थाल्ने जिल्ला दैविप्रकोप उद्दार समितिहरूले जानकारी दिएका छन्।

जिल्ला दैविप्रकोप उद्दार समितिले यो रकम गाविस र नगरपालिकाहरूबाट वितरण गर्छ। रकम वितरणबारे थप जानकारी जिल्ला प्रशासन कार्यालय, गाविस वा नगरपालिका कार्यालयबाट लिन सकिन्छ।

बाबुराम भण्डारी
उपसचिव,
राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्र, गृह मन्त्रालय
९८५१११३४२४

मदन भुजेल
प्रमूख जिल्ला अधिकारी
काभ्रेपलाञ्चोक
९८५१२३७७७७

सवाल

शंखु, काभ्रेपलाञ्चोक

"पहिले १५ हजार प्राप्त गर्ने सबैले घर बनाउन दिने राहत रकम नपाउने रे। जस जसले घर बनाउन शुरु गर्छन्, त्यसको आधारमा रकम दिने रे। घर भत्केपनि नयाँ घर नबनाउनेहरूलाई रकम नदिने रे भन्ने हल्ला गाउँमा चलेको छ।"



तसर्फु, धादिङ

"घर कसरी बनाउने ? के सिमामा बनाउनुपर्ने हो ? त्यसबारे बेलैमा निर्णय गरेर लागु गरिदिए स्वतस्फूर्त रुपमा सक्नले त घर बनाउँछन्। अनि पैसा दिने भए पछि दिँदा पनि हुन्छ। सरकारको मात्रै मुख ताकेर कति बस्नु?"

हाँडीखोला, मकवानपूर

"सरकारले निर्माण सामग्री वा अनुदान के दिने चाँडै निर्णय गर्नुपर्ने हो।"

जवाफ

सरकारले भूकम्प-प्रभावित परिवारको घर निर्माणका लागि निर्माण सामग्री नभई रु. २ लाख नगद अनुदान दिने निर्णय गरेको छ।

अनुदानको पहिलो किस्ता छिट्टै उपलब्ध गराउने निर्णय पनि सरकारले गरेको छ। तर, अनुदान सहायता प्रवाह कार्यविधि संशोधन गर्न लागेकोले पहिलो किस्ता कहिले दिने र त्यसमा कति रकम हुने भन्ने टुङ्गो संशोधित कार्यविधि आएपछि लाग्नेछ।

सरकारी अनुदान घर पुनर्निर्माणका लागि उपलब्ध गराउने हो। भत्किएको घर पुनर्निर्माण गर्न नचाहने परिवारले सरकारको अनुदान सहायता पाउँदैन।

सरकारले ग्रामिण क्षेत्रका लागि भूकम्प प्रतिरोधी घरका विभिन्न नमुना सार्वजनिक गरेको छ। छिट्टै ती नमुना स्थानीय निकायहरूमा पठाउने जानकारी प्राप्त भएको छ। परिवारले ती नमुना मध्ये कुनै एउटा छनोट गरेर घर बनाउन सक्छन्।

घर बनाउन शुरु गर्नु अघि परिवारले घरको डिजाइन गाविस वा नगरपालिकाबाट स्वीकृत गराउनु पर्छ। हालसम्म धेरैजसो गाविसमा नक्सा स्वीकृत गर्न आवश्यक व्यवस्था गरिएको छैन।

पछिल्लो अनुदान सहायता प्रवाह कार्यविधिमा अहिले आफैँ घर निर्माण गरेमा सरकारले दिने सहयोग पाउने वा नपाउने बारेमा केहि उल्लेख गरिएको छैन।

पदम कुमार मैनाली
प्रवक्ता
शहरी विकास मन्त्रालय
९८५१००५२१९
०१-४२११९६९

सवाल



त्रिपूरेश्वर, धादिङ

"अक्स्फाम लगायतका संघ संस्थाले दशैँ अगाडि यहाँका स्थानीयहरूलाई गोरेटो घोरेटो बाटो सफा गर्न लगाएको थियो। २२ दिन काम गरे बापत १५ हजार दिने भनेर काम लगाएको थियो तर अहिलेसम्म पनि पाइएको छैन।"

फूल्पिङकोट, सिन्धुपाल्चोक

"सडक र अन्य बाटो बनाउने काम गरे वापत दशैँअघि ८ हजार र दशैँपछि ८ हजार पाइन्छ भनेर काम गरियो तर अहिलेसम्म एक रुपैयाँ पनि पाइएन। आफ्नै गाउँको काम गरेको के पैसा दिनु भनेर नदिएको त हैन ?"

जवाफ

भूकम्प-प्रभावित जिल्लामा विभिन्न संघसंस्थाले 'कामका लागि नगद' कार्यक्रम अन्तरगत भूकम्पले भत्किएका गोरेटो, घोरेटो र मोटर बाटो बनाउने लगायतका काममा समूदायलाई सहभागी गराएका थिए।

धादिङ र सिन्धुपाल्चोकमा पनि कार्यक्रम सञ्चालन गरिएको थियो। सिन्धुपाल्चोकमा विश्व खाध्य कार्यक्रमको सहयोगमा सेवक नेपालले २१ गाविसमा यस्तो कार्यक्रम सञ्चालन गरेको थियो।

त्यसवापत पहिलो किस्ता स्वरुप केहि गाविसमा रु. ५ हजार वितरण भइरहेको र स्थानीय बैंकहरूबाट रकम वितरण गर्दा अपेक्षित भन्दा बढि समय लागेकोले कतिपय गाविसमा रकम वितरणमा ढिलाई भएको जानकारी सेवक नेपालले दिएको छ।

अक्सफामले विभिन्न संस्थासँग सहकार्य गरी धादिङ लगायत जिल्लामा 'कामका लागि नगद' कार्यक्रम सञ्चालन गरेको थियो।

अक्स्फामका अनुसार धादिङमा दशैअघि न्यूनतम १५ देखि २१ दिन काम हुनु पर्नेमा ६/७ दिन मात्र काम भएको थियो। काम भएको दिनका लागि दिइने रकम संस्थाकै अर्को अनुदान सहायता सँगै वितरण गर्ने निर्णय गरेको छ। उक्त अनुदान कार्यक्रमको लाभग्राही निर्धारण गर्न समय लागेकोले 'कामका लागि नगद' कार्यक्रम अन्तरगतको पैसा वितरणमा पनि ढिलाई भएको छ।

कार्यक्रम कार्यान्वयन गर्ने संघसंस्थाले दुबै जिल्लामा रकम वितरणको काम केहि दिनमा नै सक्ने योजना रहेको जानकारी दिएका छन्।

रेमन्त नाठ
अध्यक्ष, सेवक नेपाल
९८५१०८७६४४

प्रेरणा मरासिनी
संचार प्रमूख
अक्स्फाम
९८५१२२२६६६

सवाल

त्रिपूरेश्वर, धादिङ

"भूकम्प पछि गाविसमा कति बजेट आयो, कुन शिर्षकमा कति बजेट छ भन्ने हामीलाई थाहा छैन। यो जानकारी कहाँबाट लिने हो ?"

जवाफ

गाविसको सबै किसिमका आम्दानी, बजेट र खर्च-भूकम्प वा अन्य विषयका-सम्बन्धि जानकारी गाविस कार्यालयमा हुन्छ। गाविसको लेखापरीक्षण प्रतिवेदनमा पनि यस्तो जानकारी हुन्छ।

गाविस कार्यालयबाट तपाईँले कुन कुन शिर्षकमा के कति रकम आयो वा खर्च भयो भन्ने जानकारी लिन सक्नुहुन्छ।

तपाईँको वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रले पनि गाविसका सूचना तपाईँलाई दिलाउन सहयोग गर्न सक्छन्।

सूचनाको हक सम्बन्धि ऐन, २०६४ अनुसार सूचना मागको निवेदन दिएर पनि तपाईँले लिखित रुपमा सूचना पाउन सक्नुहुन्छ। त्यसका लागि तपाईँले चाहेको सूचना उल्लेख गरेर ठाडो निवेदन दिन पर्छ।

यसरी निवेदन दिएमा निवेदन दिएको मितिले १५ दिन भित्र गाविसले तपाईँलाई सूचना दिइसक्नु पर्छ।

निवेदन दिएर पनि सूचना पाउन नसकिएमा राष्ट्रिय सूचना आयोगमा लिखित (हुलाक, फ्याक्स, इमेल वा व्यक्तिगत रुपमा) उजुरी दिन सकिन्छ।

गौलोचन सैजु
सूचना अधिकारी
राष्ट्रिय सूचना आयोग
९८४१३३५८९९

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। मंसिर १० गतेदेखि १८ गतेसम्म ७ जिल्लाका करिव २८० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL **प्रस्तुत गर्ने संस्थाहरू**

accountabilitylab | Local Interventions Group data-driven development | Internews